**२०७८ साल कार्तिक १२ गते शुक्रवार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन् -**

१. प्रदेश नं. ५, मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सेवा सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची २ मा हेरफेर सम्बन्धी सूचना स्वीकृत गर्ने ।

२. प्रदेश प्रशिक्षण प्रतिष्ठान (स्थापना तथा कार्यसञ्चालन) आदेश, २०७८ स्वीकृत गर्ने ।

३. प्रदेश प्रशिक्षण प्रतिष्ठान (स्थापना तथा कार्यसञ्चालन) आदेश, २०७८ बमोजिम प्रदेश प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशकमा गुरु प्रसाद शर्मा (रुकुम पूर्व) र उपनिर्देशकमा रामु जोशी (रुपन्देही) लाई नियुक्त गर्ने ।

४. मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम (सञ्चालन) कार्यविधि, २०७८ स्वीकृत गर्ने ।

५. रोल्पा जिल्ला परिवर्तन गाँउपालिकाको वडा विभाजन तथा सिमाना हेरफेर विषयको सम्बन्धित गाँउपालिकाबाट प्राप्त प्रस्ताव नेपाल सरकार समक्ष पठाउन स्वीकृति प्रदान गर्ने ।

६. बुटवल उप-महानगरपालिकालाई विपद् व्यवस्थापन सम्बन्धी सहयोग प्रस्ताव पारित गर्ने ।

७. लुम्बिनी प्रदेश अनुसन्धान ब्युरोको स्थापना, काम, कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभाबाट फिर्ता लिन स्वीकृति प्रदान गर्ने ।

८. रुपन्देही जिल्ला बूटवल उ.म.न.पा.-१७ स्थित मोतिपुर औद्योगिक क्षेत्र परियोजनामा भएको झडपमा मृत्यु भएका मृतकको परिवारलाई राहत स्वरुप प्रति परिवार रु.१,००,०००/-(एक लाख) रकम उपलब्ध गराउने ।

९. १८ बर्ष मुनिका बालबालिकाहरुको लागि कोभिड-१९ बिरुद्धको खोपको आपूर्ति तथा व्यवस्थापनको लागि सहजिकरण गरिदिन नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई अनुरोध गर्ने ।

१०. लुम्बिनी प्रदेश सरकारका मन्त्रीहरुको आचार संहिता, २०७८ स्वीकृत गर्ने ।

प्रमुख सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
बुटवल, नेपाल

११. हालै आएको बेमौसमी बर्षाका कारण बाढि तथा डुबानबाट लुम्बिनी प्रदेशभित्र धान बालीमा भएको क्षतिको अध्ययन गरी प्रतिवेदन पेश गर्न कृषि,खाद्य प्रविधि तथा भूमी व्यवस्था मन्त्रालयका संचिवको संयोजकत्वमा आर्थिक मामिला तथा सहकारी मन्त्रालय र आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयका सचिव सम्मिलित एक अध्ययन समिति गठन गर्ने र सो समितिलाई तथ्याङ्क संकलन तथा क्षतिको एकिन गरी एक हप्ता भित्र राहत सम्बन्धी मापदण्ड एवं राय सुझाव सहितको प्रतिवेदन पेश गर्न निर्देशन दिने ।

१२. प्रदेश पर्यटन नीतिको मस्यौदा तयार गरी पेश गर्न पर्यटन, ग्रामीण तथा सहरी विकास मन्त्रालयलाई  निर्देशन दिने ।

१३. लुम्बिनी प्रदेशको प्रथम आवधिक योजनाको आवधिक समिक्षा गरी तीन महिनाभित्र प्रदेश सरकार समक्ष प्रतिवेदन पेश गर्न प्रदेश योजना आयोगलाई निर्देशन दिने ।

प्रदेश सरकार लुम्बिनी प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मुकाम बुटवल, नेपाल

प्रमुख सचिव